**दार्मा गाउँपालिकाको वन व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न वनेको विधयेक**

***प्रस्तावना :*** *वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापनगर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका समुदायलगायतत्यस्तो वनक्षेत्रमाआश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित वनदेखि टाढाका समुदाय समेतको वनव्यवस्थापन र लाभको बाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै  वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाइ लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिकलगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउदै आर्थिक सम्मृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्याउनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वनव्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अनुसार यस दार्मा गाँउपालिकाको गाँउसभाले यो  दार्मा गाउँपालिकाको वन व्यवस्थापन  ऐन, २०७८ बनाएको छ।*

**परिच्छेद**

**परिच्छेद १**

***१. संक्षिप्तनाम र प्रारम्भः*** *(१) यस ऐनको नाम "दार्मा गाउँपालिकाको वन ऐन, २०७८" रहेको छ।*

*(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।*

***२. परिभाषा :*** *विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :*

*(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र , प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक निजी वन समेतलाई सम्झनु पर्छ।*

*(ख) स्थानीयवन ऐन २०७८भन्नाले यस दार्मा गाँउपालिकाको गाँउसभाले पारित गरेको स्थानीय वन ऐन २०७८ सम्झनुपर्दछ।*

*(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ।*

*(घ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथात्यस्तो वनबाट प्राप्तहुने वन पैदावारहरूको सदुपयोग वा भोग चलनको निरन्तरतालाई सम्झनु पर्छ।*

*(ङ) "वनमाथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ।*

*(च) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासीजनजाति, महिला, दलित, लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तररूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।*

*(छ) "वनअधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।*

*(ज) "स्थानीयवन परिषद्" भन्नाले दफा १३ बमोजिम गठन हुने वनअधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनुपर्छ ।*

*(झ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसँग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासीजनजाति, महिला, दलितलगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।*

*(ञ) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्तहुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।*

*(ट) "अधिकारवाला" भन्नाले यस ऐनबमोजिम वनअधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।*

*(ठ) "वनक्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमानालगाइएको वा नलगाइएको वनले घेरिएको वावनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।*

*(ड) "वन पैदावार" भन्नाले वनमा रहेको वापाइएको वा वनबाटल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा,लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो,च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पतीतथातीनकाविभिन्नभागवाअङ्ग, वाचट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वापशुपन्छी, वन्यजन्तु र पशुपन्छी वावन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।*

*(ढ) "सामुदायिकवन"भन्नाले सङ्घीय वन ऐन २०७६ बमोजिम समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।*

*(ण) "पारिवारिक निजीवन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।*

(त) ''परम्परागत उपभोक्ता'' भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्पराअनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

(थ) ''परम्परागतजीवन पद्धति'' भन्नाले परापूर्वकालदेखि मौलिक परम्परा, पेसा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) ''सामुदायिक वनको स्वामित्व '' भन्नाले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

(ध) ''सामुदायिक वन उपभोक्ता समूह'' भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(न) ''सामुदायिक वन उपभोक्ता समिति'' भन्नाले समुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(प) ''वनश्रोत'' भन्नाले कुनै पनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायतमाथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ । (फ)''उद्योग'' भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(ब) ''सम्बन्धित अधिकारी'' भन्नाले यस ऐन र प्रचलित कानूनबमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।

(भ) ''तोकिएको'' वा ''तोकिएबमोजिम'' भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(म) ''वातावरणीय सेवा''भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणली वाट प्राप्तहुने तपसिल बमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

(क) कार्वन

(ख)जैविक विविधताको संरक्षण

(ग) जलचक्र प्रणाली

(घ) पर्यापर्यटन

(ङ) तोकीयवमोजिमको अन्य लाभ

## *परिच्छेद २*

## *सामुदायिकवनको स्वामित्व, वनअधिकार र दायित्व*

***३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः*** *(१) परम्परागत रूपमा संरक्षण, भोगचलन उपयोग गर्दै आइरहेको राष्ट्रिय वनको कुनै भाग तोकिएबमोजिम सामुदायिक वनको रूपमा स्वामित्वप्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ ।*

*(२) उपदफा(१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाइने छैन ।*

*(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्वीकृति र आम सहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।*

*(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपूर्ति दिनुपर्नेछ ।*

***४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकारः*** *(१) सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहायबमोजिमका वनसम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।*

*(क) स्थानीय समुदाय एक आपसमा भेलाभई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बद्धन, प्रवद्र्धन, वन पैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,*

*(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,*

*(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहानलगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्ने, समुदायले नियमबनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवतजावत गर्ने,वनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,*

*(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्वतन्त्र रूपमा मूल्यनिर्धारिण गरी बिक्रीवितरण गर्ने,*

*(ङ) सामुदायिकवनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभप्राप्त गर्ने,*

*(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिकर आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्याउने र सामुदायिक विकास गर्ने,*

(छ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकताअनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाइ लागू गर्ने, गराउने,

(ट) वनव्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्तहुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने, तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वनव्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन् ।

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्ता समुहले आवश्यकताअनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुर्याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत, वनकार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समूहले सञ्चालन गरेको उद्योग आदिलाई बैंक वा वित्तीय संस्थामा धितो सुरक्षण राखीआवश्यक ऋण लिई दीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) वनसँग सम्बन्धित परम्परागत पेसा, अभ्यास, अनुभव, ज्ञान, सीप,दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावर जन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित वस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रिबितरण गरी लाभप्राप्त गर्ने,

(त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्याउने पर्यावरण, कृषिवन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यमसम्बन्धी कृयाकलापहरू सञ्चालन गरी लाभप्राप्त गर्ने,

(थ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसँग सम्झौता गरी सञ्चालन गर्न

सक्नेछ र  त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पुर्याउने,

(द) सामुदायिक वन श्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्क छुट वा मिनाहा दिने,

(ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(न) वनको भौगोलिक बनोट, भिरालोपन र माटोको किसिमअनुसार वनकार्य योजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वनविकास र संरक्षण गर्ने,

(प) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य–सौन्दर्य तथा कार्वन–सञ्चित जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउने,

फ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्तहुने वातावरणीय सेवाबाट लाभप्राप्त गर्ने।

(ब) सामुदायिक वन क्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको लाभप्राप्त गर्ने।

(५) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहायबमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् :

(क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भागलिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समुहभित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन् :

(क) कुनै विशिष्ट जातीवा समुदायसँग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनको सीपसँग सम्बन्धित प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथि प्राथमिकता प्राप्त गर्ने,

*(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप,पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,*

*(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागतज्ञान, सीपलगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरता दिने,*

*(घ) वनक्षेत्रभित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसँग सम्बन्धीत अभ्यासहरूको निरन्तरता दिने।*

*(ङ) सामुदायिकवनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मान प्राप्त गर्ने।*

*(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुर्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहायबमोजिमका अधिकारहरू प्रात हुनेछन् :*

*(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,*

*(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिएबमोजिम प्राप्त गर्ने।*

*(ग) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोउपभोग गर्न पाउने,*

*(५) उपदफा (१), (२), (३), (४) को अतिरिक्त स्थानीय परिवेशअनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि सामुदायिक वन उपभोक्ता समूहको आमभेलाबाट पारित गरि स्थानीय सरकारसमक्ष जानकारी गराउने।*

**६. वनमाआधारित उद्यमविकासः** *(१) सामुदायिक वनश्रोतको प्रयोग गरी वनपैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यवसायिक रूपमा सञ्चालन गर्न सक्नेछ।*

*(२) उपदफा (१)बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन्।*

*(३) उपदफा (१) र (२) बमोजिम तेस्रो पक्षलाई सामुदायिक उद्योग सञ्चालन गर्नको लागि अनुमतिदिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्ष रूपमा लाभप्राप्त गर्ने गरी दिनु पर्नेछ। यसरी उद्यम सञ्चालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदायभित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ।*

**७. सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्वः** *(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।*

*(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि सामुदायिक वनव्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*
*(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*
*(४) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*
*(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भएनभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिएबमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।*
*(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आयर अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोकेबमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*
*(७) दिगो वनव्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वनसंरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*
*(८) सामुदायिक वन क्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, बाक्लो पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्यगरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।*

***८. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः*** *(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्रीवितरणबाट प्राप्त लाभको बाँडफाड देहायबमोजिम गरिनेछ ।*
*(क) सामुदायिक वनको वन पैदावार बिक्रीवितरण तथा वनश्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोकेबमोजिम बाँडफाँड गर्नेछ,*
*(ख) लाभको बाँडफाड गर्दा २५ प्रतिशतवन संरक्षणमा खर्च गरी वाकी रहेको रकम मध्यवाट ५० प्रतिशत विपन्न वर्ग, उद्यमविकास र महिला शसक्तिकरण र ५० प्रतिशत र सामाजिक सस्थागत विकासमा खर्च गरिने छ ।*

***९. सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने :*** *(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वन क्षेत्रको स्वामित्वफिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ :-*
*(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलितकानूनले निषेध गरेको कार्य गरेमा,*

*(ख) सामुदायिक वन उपभोक्ता समुहले वनव्यस्थापन कार्य योजनाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा,*

*(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,*

*(घ) स्थानीय वन ऐन २०७८ अनुसार कार्य नगरेमा,*

*(२) उपदफा (१) बमोजिम वनउपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।*

*(३) उपदफा(१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समुहको विधान, कार्ययोजना र समुदायको हितबिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, कार्ययोजना र नीतिनियमअनुसार कारबाही गर्नेछ ।*

*९. स्थानीय समुदायसँग स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेः– (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहायबमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वनउपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिनु पर्नेछ ।*

*(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,*

*(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीतिनियमहरू निर्माण गर्दा,*

*(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसँग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून, तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-महासन्धि, घोषणा–पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसँग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी लिईनेछ ।*

*(३) उपदफा (१)बमोजिम स्थानीय समुदायसँग र उपदफा (२) बमोजिम विभिन्न जाति, बर्ग वा समुदायसँग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू–सुचित मञ्जुरी नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।*

***१०. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः** (१)जल, जङ्गल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन*

*बमोजिमको अधिकार वावन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीतिनियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागी गराईने छ।*

*(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ। यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ।*

*(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ।*

***११. सामुदायिक वनलाई प्राथमिकता दिनुपर्ने*** *: (१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्तहुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन।*

*(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ।*

***१२. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार*** *: (१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसँग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन्।*

*(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्रभित्र पर्ने बाटोमा आवतजावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,*

*(ग) परम्परागत रूपमा वन पैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रिबितरणबाट लाभप्राप्त गर्ने,*

*(घ) परम्परागत रूपमा चरिचरण, गर्दैआईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,*

*(ङ) राष्ट्रिय वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,*

*(च) राष्ट्रिय वनक्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त*

*गर्ने, साथै वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वनव्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समुह र सरकारले उचित राहातको व्यवस्था गरिने छ।*

*(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभप्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,*

*ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने,*

*(२) उपदफा (१) को खण्ड (क),(ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागिउपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ।*

*(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ। यसरी सार्वजनिक वाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समुहको निर्णय अनुसार उपयोग गरिने छ।*

*(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागतभोग चलनमा रहेको बाटो, प्राकृतिकश्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई स्थानीय सरकारले उचित क्षतिपूर्ति दिनु पर्नेछ।*

## ***परिच्छेद–३***
## ***सामुदायिक वन उपभोक्ता समिति सम्बन्धी***

*१. सामुदायिक वन सुम्पनेः (१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्वर्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्रीवितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ।*

*(२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ।*

*३. कार्ययोजना संशोधनः (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ। (२) (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा*

*गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्तभएको ३० दिनभित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ। सामुदायिक वन उपभोक्ता समुहले आफनो कार्ययोजना स्थानीय सरकारलाई जानकारी गराएको ३० दिनभित्रकुनै जानकारी नभएमा समुहले स्वत: कार्यन्वयन गर्न सक्ने छ।*

*४. उपभोक्ता समूहको दर्ताः (१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने।*
*२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिएबमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।*

*(३) हाल वन ऐन २०७६ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वनउपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ। त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ।*

*५. उपभोक्ता समूह संगठित संस्था रहने :*
*सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् ।*
*(१ ) समूहको छुट्टै छाप हुनेछ।*
*(२) समूहको आफ्नौ टाँचा हुनेछ।*
*(३) उपभोक्ता समूहले व्यक्ति सरह चलअचल सम्पत्तीप्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ।*
*(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ।*

*६. प्रतिवेदन दिनुपर्ने*
*(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ।*
*७. उपभोक्ता समूहको कोष ः (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ। कोषमा देहायका रकम जम्मा हुनेछ।*
*(क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्तहुने अनुदान रकम*

ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दानदातव्य
रकम
(ग) वनपैदावार (जैविक विविधता) को विक्रिवितरण वाट प्रप्त रकम
(घ)उद्योग तथा पर्यपर्यटन सन्चालनवाट प्राप्त रकम
(ङ) जरिवानाबाट प्राप्त
(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम
उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ। कोष सञ्चालन तोकिए बमोजिम हुनेछ।
परिच्छेद ५
स्थानिय वन संरक्षण सम्बन्धी व्यवस्था
१३. वन परिषद्को गठन ः
(१)वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हकहित संरक्षण सम्बन्धी विषयमा नीतिनिर्माण गर्न तथा अधिकारवाला समुदायको हकहितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ।
(२) उपदफा (१)बमोजिमको परिषद्मा देहायबमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन् ः
(क) स्थानीय सरकार प्रमुख – अध्यक्ष
(ख) वन तथा वातावरण समितिको प्रतिनिधि – सदस्य १ जना
(ग) गाँउसभाको प्रतिनिधि – सदस्य २जना
(घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि– सदस्य २ जना
(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि– सदस्य १ जना
(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने – सदस्य १ जना
(छ) पारिवारिक निजीवन को प्रतिनिधि–सदस्य१ जना
(ज) व्यावसायिक संस्थाका प्रतिनिधि – सदस्य १ जना
ज) वनअधिकार, वातावरण संरक्षण र वनउपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्तिमध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि – सदस्य ५ जना
झ) वन वातावरण शाखाको प्रमुख – सदस्य सचिव
तर, स्थानीय सरकारले मनोनितगर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ। दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमामहिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ।
(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनःमनोनीत हुन सक्नेछन्।

*(५) परिषद्ले परिषद्को काम कारबाहीलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिएबमोजिम हुनेछ ।*

*(६) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलवभत्ता पाउनेछन् ।*

*१४. परिषद्को काम, कर्तव्य र अधिकारः*

*(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः–*

*(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।*

*ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।*

*(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।*

*(घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।*

*(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।*

*(च) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।*

*(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको*

*बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने।*

*(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने।*

*(झ) परम्परागतरुपमा संरक्षण, संवद्र्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने।*

*(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने।*

*(ट) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने।*

*(ठ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने।*

*(ड) समुदायको आन्तरीक सुसासनको लागी आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।*

*(ढ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने।*

*१५. परिषद्को बैठक सम्बन्धी कार्यविधिः*

*(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।*

*(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमापचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।*

*(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।*

*(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्धारा प्रमाणित गरिनेछ।*

*(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिमहुनेछ।*

## ***१६. जाँचबुझ र निरीक्षण गर्न सक्ने***

*(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने*

विश्वास हुने मनासिव कारण भएमा वन अधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा(१)बमोजिम जाँचबुझ र निरीक्षणबाट वनअधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वनउपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनीलगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ,

परिच्छेद–६

कसूर र सजाय सम्बन्धी व्यवस्था

१७. वनअधिकारमा प्रतिकूल प्रभावपार्न नहुने :

(१)कुनै व्यक्ति, वनउपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनीलगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू– सुचित मञ्जुरी लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वनअधिकारको प्रतिकूल मानिने छैन।

१८. दण्ड सजायः देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहायबमोजिम सजाय हुनेछ :

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिएवमोजिम जरिवाना हुनेछ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सूसुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वनउपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागीय सजायको लागि सिफारिस गर्नु पर्नेछ।

१९. मुद्दा हेर्ने अधिकारः

*(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।*
*(२) उपदफा(१)बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाहीगर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।*
*(३) उपदफा(१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्लाअदालतमा पुनरावेदन गर्न सक्नेछ ।*

*२०.क्षतिपूर्तिको भराउन सक्ने :*
*(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभावपार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हननभएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुनगएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँ भनी उजुरी गर्न सक्नेछ ।*
*(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वनअधिकार हननभएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्नगएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।*

*परिच्छेद – ७*

*२१.  पारिवारिक निजी वन किसानहरुलाई कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।*
*२२.  पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानीय सरकारले अनुमती दिनेछ ।*
*२३. पारिवारिक निजी वन प्रकोप भएर नष्ट भएमा क्षतीपूर्तीका लागि सहुलियत विमामा समन्वयको व्यवस्था गरिनेछ ।*
*२४. परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ ।*

*परिच्छेद – ८*
*विविध*

*२५. स्थानीय सरकारबाट अनुमतिलिनु पर्नेः– (१)स्थानीय तहको अनुमति लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुचभन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग सञ्चालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभप्राप्त गर्न सक्नेछ।*

*(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वनउपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ। त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ।*

*(३) स्थानीय सरकारले पारिवारिक निजीवनदर्ता, संरक्षण, संवद्र्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ।*

*२६. अधिकार प्रत्यायोजन : (१) स्थानीय सरकारको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्तअधिकारहरू मध्ये आवश्यकताअनुसार केहीअधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ।*

*२७. असल नियतले गरेको कामको बचाउ : (१) वनउपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाहीप्रति निज व्यक्तिगत रूपले जवाफदेहीहुने छैन।*

*२८. नियम बनाउन सक्ने : यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीय सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।*

## *अनुसुची १*

## *उपभोक्ता समूहको दर्ताका लागिदिइने निवेदन*

*श्री अध्यक्षज्यू,............*
*गाँउकार्यपालिकाको कार्यालय, फारुला, सल्यान*

*स्थानीय वन ऐन २०७८ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्तउपभोक्ता समूहदर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।*

*निवेदक*
*.............. उपभोक्ता समूहको तर्फबाट*

| *क्र.सं.* | *नाम* | *पद* | *दस्तखत* |
|---|---|---|---|

## **अनुसूची २**

## **उपभोक्ता समूहदर्ताको प्रमाण पत्र**

दर्ता नं.

श्री…………

दार्मागाँउपालिकाको कार्यालय, फारुला, सल्यान

श्री.......... उपभोक्ता समूह यस स्थानीय सरकारको मिति ............... को निर्णय अनुसार स्थानीय वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल, घरधुरी संख्या, कुल जनसंख्या

प्रमाण पत्रदिने अधिकारी

नाम :

दर्जा :

दस्तखत .....

मिति :

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।